नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

मितिः २०७८/०९/२७ गते

प्रमुख जिल्ला अधिकारी श्री राजु प्रसाद पौडेलको अध्यक्षता र तपसिलको उपस्थितिमा जिल्ला कोभिड व्यवस्थापन समिति स्याङ्जाको बैठक बसी देहाय बमोजिमको निर्णय गरियो ।

विशेष आमन्त्रितः

श्री सीता कुमारी सुन्दास - समन्वय प्रमुख, जि.स.स स्याङ्जा

श्री सीमा कुमारी क्षत्री – नगर प्रमुख,पुतलीबजार नगरपालिका स्याङ्जा

उपस्थितिः

| | |
|---|---|
| प्रमुख जिल्ला अधिकारी श्री राजु प्रसाद पौडेल, जिल्ला प्रशासन कार्यालय स्याङंजा | - अध्यक्ष |
| जिल्ला समन्वय अधिकारी श्री ऋषिराम आचार्य, जि.स.स.को कार्यालय, स्याङ्जा | - सदस्य |
| प्रहरी उपरीक्षक श्री राजिव बहादुर बस्नेत, जिल्ला प्रहरी कार्यालय, स्याङ्जा | - सदस्य |
| उप अनुसन्धान निर्देशक श्री कमल बहादुर थापा, रा.अ.जि.का, स्याङ्जा | - सदस्य |
| सशस्त्र प्रहरी नायव उपरीक्षक श्री मोहन न्यौपाने, स.प्र.ब. ३० नं. गुल्म | - सदस्य |
| सहसेनानी श्री अनिमेश घिमिरे, समरजित गुल्म आ.व्या, स्याङ्जा | - सदस्य |
| मेडिकल सुपरिटेन्डेन्ट श्री रमेश आचार्य, जिल्ला अस्पताल स्याङ्जा | - सदस्य |

आमन्त्रितः

सहायक प्रमुख जिल्ला अधिकारी श्री हरि प्रसाद शर्मा, जिल्ला प्रशासन कार्यालय, स्याङ्जा

प्रमुख श्री बसुन्धरा शर्मा, स्वास्थ्य कार्यालय, स्याङ्जा

प्रमुख श्री गुरु प्रसाद पौडेल, शिक्षा विकास तथा समन्वय ईकाइ स्याङ्जा

शाखा प्रमुख श्री बाबुराम बराल, शिक्षा शाखा पुतलीबजार नगरपालिका

मन्त्री श्री दिनेश अर्याल, जिल्ला रेडक्रस स्याङजा

नेपाल सरकार
गृह मन्त्रालय
जिल्ला प्रशासन कार्यालय
स्याङ्जा

कार्यसूचीः

कोभिड १९ संक्रमण रोकथाम नियन्त्रण र सम्बन्धमा ।

निर्णयहरुः

गृह मन्त्रालयको च.नं. १४४२, मिति २०७८/०९/२६ को पत्रबारे बैठकमा जानकारी भयो । जिल्लाको कोभिड-१९ को पछिल्लो तथ्याङ्क र अवस्थाबारे बैठकमा छलफल तथा समीक्षा भयो । पछिल्ला दिनहरुमा कोभिड-१९ को (नयाँ भेरियन्ट ओमिक्रोन समेत) को संक्रमण छिमेकी मुलुक भारत लगायत विश्वका विभिन्न मुलुकहरुमा तीव्र रुपमा बढ्दै गइरहेको तथा नेपालमा समेत संक्रमण दर बढ्दै गइरहेको सन्दर्भमा जिल्लाका सबै सरोकारवाला निकायहरुको समन्वय र सक्रियतामा यसको रोकथाम र नियन्त्रणका लागि देहाय बमोजिम गर्ने निर्णय गरियोः

१. सार्वजनिक स्थलमा सबै प्रकारका राजनीतिक तथा धेरै जना उपस्थित हुने गरी प्रशासनिक एवं त्यही प्रकृतिका कार्यक्रम नगर्न आव्हान गर्ने । अत्यावश्यक नियमित कार्यक्रमको हकमा स्थानीय प्रशासनको अनुमति लिएर मात्रै गर्ने । अर्को सूचना नभएसम्म सार्वजनिक स्थलहरुमा २५ जनाभन्दा बढी भेला हुने गरी मेला, भेला तथा महोत्सवहरु आयोजना नगर्ने नगराउने ।
२. कोभिड १९ संक्रमणको जोखिमलाई मध्यनजर गरी स्वास्थ्य सुरक्षाका मापदण्ड (भौतिक दुरी कायम, मास्कको उचित प्रयोग र स्यानिटाइजरको प्रयोग) अनिवार्य पालना गर्न गराउन आम नागरिकलाई अनुरोध गर्ने ।
३. मिति २०७८/१०/०७ देखि लागू हुने गरी सार्वजनिक सेवा प्राप्त गर्दा तथा सार्वजनिक स्थानहरु( कार्यालय, होटल, रेष्टुरेन्ट, पार्क आदि) मा प्रवेश गर्दा कोभिड विरुद्धको खोप लगाएको कार्ड (मोवाइलमा फोटो भए पनि हुने) अनिवार्य साथमा हुनुपर्ने र ति निकायहरुले खोप कार्ड हेरेर मात्र प्रवेश दिने व्यवस्था मिलाउने। स्थानीय तहहरुले जिल्लास्थित कार्यालयहरुमा सेवा प्रवाहको लागि सिफारिस गर्दा अनिवार्य रुपमा खोप कार्ड साथमा भएका सेवाग्राहीले मात्र सेवा पाउने सन्देश दिई सोही बमोजिम गर्ने/गराउने ।
४. जिल्लाका सबै सेवा प्रदायक निकायहरुले जनस्वास्थ्यका मापदण्ड पूर्ण पालना हुने गरी सेवा प्रवाहको व्यवस्था मिलाउने ।
५. कोभिड १९ संक्रमण रोकथामका लागि जिल्लामा विगतमा सञ्चालन भएका आइसोलेशन सेन्टरहरुलाई स्थानीय तह तथा सम्बन्धित सरोकारवालाको समन्वयमा तयारी अवस्थामा राख्ने ।
६. कोभिड-१९ को परीक्षणको दायरा बढाउन र नियमित खोप केन्द्रहरुमा खोपलाई अभियानकै रुपमा अगाडि बढाउन स्वास्थ्य कार्यालयले आवश्यक व्यवस्था मिलाउने ।
७. जिल्लाको कुनै क्षेत्रमा कोभिड-१९ को संक्रमण देखिएमा स्थानीय अवस्थाको जोखिम विश्लेषण गरी नियन्त्रणका लागि स्मार्ट लकडाउन सम्वन्धी कार्यविधि, २०७८ बमोजिम

राजु प्रसाद पौडेल
प्रमुख जिल्ला अधिकारी

सम्वन्धित स्थानीय तहले जिल्ला प्रशासन कार्यालय/ जिल्ला कोभिड व्यवस्थापन समितिलाई सिफारिस गर्ने ।

८. नेपालमा बढिरहेको कोभिड १९ संक्रमणको सन्दर्भमा विद्यालय सञ्चालन तथा विद्यार्थीहरुलाई खोप लगाउने सम्बन्धमा शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयद्वारा मिति २०७८/०९/२६ मा जारी प्रेश विज्ञप्ति अनुसार गर्न सम्बन्धित सबैलाई अनुरोध गर्ने ।

९. स्याङ्जा अस्पताल स्याङ्जा लगायत सबै पालिकाहरुमा रहेका अस्पताल तथा स्वास्थ्य संस्थाहरुमा Isolation Centre हरु तथा Oxygen Plant , Oxygen concentrator, Oxygen cylinder, Ambulance हरुलाई तयारी अवस्थामा राख्ने । स्याङ्जा अस्पताल स्याङ्जामा जडान गर्ने क्रममा रहेको नयाँ Oxygen Plant लाई तुरुन्त संचालनमा ल्याउनको लागि बजेट व्यवस्था लगायत आवश्यक व्यवस्था मिलाइदिन स्वास्थ्य तथा जनसंख्या मन्त्रालय गण्डकी प्रदेश र सो कार्यमा आवश्यक समन्वय एवं सहजिकरण गरीदिन नेपाल विद्युत प्राधिकरण लगायतका सम्बन्धित निकायहरुमा अनुरोध गर्ने ।

१०. कोभिड १९ संक्रमितहरुको विवरण तुरुन्त अद्यावधिक गर्नको लागि जिल्लाका सबै स्थानीय तहहरुले कोभिड १९ संक्रमितहरुको विवरण परीक्षण नतिजा आउनासाथ स्वास्थ्य तथा जनासंख्या मन्त्रालयको IMU System मा तुरुन्त प्रविष्ट गर्ने व्यवस्था मिलाउने ।

११. कोभिड-१९ को संक्रमण रोकथाम र नियन्त्रणका लागि सरोकारवालासँगको समन्वयमा स्वास्थ्य कार्यालयले जनचेतनामूलक कार्यक्रम सञ्चालन गर्ने ।

१२. जिल्लामा कोभिड-१९ को संक्रमणको अवस्थाको आंकलन, सूचना संकलन तथा विश्लेषणका लागि सहायक प्रमुख जिल्ला अधिकारीको संयोजकत्वमा देहाय बमोजिमको कार्यदल गठन गर्ने ।

| सि.नं | नाम थर | पद | कार्यालय | सम्पर्क नं | |
|---|---|---|---|---|---|
| १. | श्री हरि प्रसाद शर्मा | स.प्र.जि.अ. | जिल्ला प्रशासन कार्यालय स्याङ्जा | ९८५६०५२४४४ | संयोजक |
| २. | श्री राजेन्द्र अधिकारी | प्र.ना.उ. | जिल्ला प्रहरी कार्यालय, स्याङ्जा | ९८५६०००२४४ | सदस्य |
| ३. | डा. श्री सोनिया श्रेष्ठ | मेडिकल अधिकृत | स्याङ्जा अस्पताल | ९८४३५००५३५ | सदस्य |
| ४. | उपेन्द्र बस्याल | स. प्रहरी निरीक्षक | सशस्त्र प्रहरी बल | ९८५७०६८०८२ | सदस्य |
| ५. | श्री हरिशरण नेपाली | अ. अधिकृत | रा.अ.जि.का. स्याङ्जा | ९८४३६०२१७९ | सदस्य |
| ६. | श्री दिनेश अर्याल | मन्त्री | रेडक्रश शाखा स्याङ्जा | ९८५६०३३७०६ | सदस्य |
| ७. | श्री बसुन्धरा शर्मा | प्रमुख | स्वास्थ्य कार्यालय स्याङ्जा | ९८५६०५१२३२ | सदस्य –सचिव |

राजु प्रसाद पौडेल
प्रमुख जिल्ला अधिकारी